नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
असार/साउन २०७६ (July 2019) वर्ष २३/अङ्क २६८

## परमेश्वरको वचन खानु

– श्री भुवन देवकोटा

**किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ र कुनै पनि दुईधारे तरवारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भागभाग पारूञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ** (हिब्रू ४:१२) ।

परमेश्वरको वचन अर्थात् बाइबल र यसका सत्यताहरू सदा जीवित र सक्रिय छन् । यसले शताब्दीयौंदेखि करोडौं मानिसहरूको जीवनलाई परिवर्तन गरेको छ । यसले समाज र जातिलाई रूपान्तरण मात्रै गरेको छैन, देशको सामाजिक र शैक्षिक अवस्थामा गुणात्मक परिवर्तन ल्याएर संसार र समाजलाई उलटपुलट पार्ने काम गरिरहेको छ । येशूका अनुयायी हामी खीष्टियनहरूको लागि बाइबल र यसका सत्यताहरू मार्गदर्शक हुन् । येशूको वचनले नै हाम्रो जीवनमा परमेश्वरलाई मनपर्ने स्वभाव र चरित्र ल्याउँछ । बाइबल नै येशूको वचन हो। परमेश्वरको वचन मानिसको अन्त:स्करणसम्म पुगेर हाम्रो विचार र आत्मालाई यसले परिवर्तन गर्न सक्छ। यसको नियमित अध्ययन र पालनले मात्रै हामी एउटा महिमाबाट अर्को महिमामा बढ्दै जान सक्छौं ।

परमेश्वरको वचन येशूमा पाप क्षमा पाएर नयाँ जन्म पाएको प्रत्येक खीष्टियनको लागि अत्यावश्यक आत्मिक खुराक हो । परमेश्वरले दिनुभएको आत्मिक खुराक नखाइकन कुनै पनि व्यक्ति येशूमा हुर्कन सक्दैन । आत्मिक खुराक नखाने वा परमेश्वरको वचनबाट प्रत्येक दिन आफैलाई ननियाल्ने व्यक्ति बिस्तारै आत्मिक रूपमा सुकेनास लाग्दैजान्छ। **"नयाँ जन्मेका बालकहरूजस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौ"** (१ पत्रुस २:२) ।

यसरी बाइबलले हामी सबैलाई आत्मिक दूधको तृष्णा गर्न आदेश दिएको छ । आफ्नो मुक्तिमा बढ्दै जानको लागि हामीलाई निश्चय नै आत्मिक दूध चाहिन्छ । त्यो आत्मिक दूध परमेश्वरको वचन हो । येशूमा भर्खर विश्वास गरेको व्यक्ति वा धेरै वर्षको पुरानो विश्वासी सबैलाई परमेश्वरको वचन अवश्यै चाहिन्छ किनकि वचनबिना हामी बाटो बिराएका र अल्मलिएका यात्रीजस्तै बन्छौं । परमेश्वरको वचन मेरा गोडाको निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो ।

**"मेरा भेडाहरूले मेरो सोर सुन्छन् र तिनीहरूलाई म चिन्छु र तिनीहरू मेरो पछि आउँछन्"** (यूहन्ना १०:२७)। येशूका भेडाहरूले येशूको आवाज सुन्छन् । संसारमा अनेकन् आवाजहरू छन् । झूटा शिक्षकहरूले भर्माउने कुरा गरेर हामी सबैलाई परमेश्वर र उहाँको सत्यताबाट अलग पार्ने कोसिस गर्छन् । अहिले त शिक्षा मात्रै होइन, आर्थिक र अन्य लोभ दिएर पनि हामी विश्वासीहरूलाई कुबाटोमा लैजाने झूटा शिक्षकहरू प्रशस्तै छन् । यस्तो बिषम परिस्थितिमा हामीलाई जोगाउने काम परमेश्वरको सत्यताले मात्रै गर्न सक्छ । येशूको वचनलाई नसुन्ने भेडा सजिलै बहकिएर गलत बाटोमा जान सक्छ । त्यसकारण पनि हामीले परमेश्वरको वचन नियमित अध्ययन गर्ने बानीको विकास गर्नुपर्छ किनकि वचन अध्ययन र पालन गरेर खीष्टमा परिपक्व बनेको मानिसले मात्रै निरन्तर अभ्यासद्वारा असल र खराब छुटचाउन सक्ने मानसिक शक्तिको विकास गरेको हुन्छ ।

अहिले हामी सबैजना काम र पढाइको कारण अति व्यस्तजस्तै भएका छौं । केही समय बचेमा फेसबुकजस्ता सामाजिक सञ्जाल र टेलिभिजनले पनि हामीलाई व्यस्त बनाउँछ । हामी धेरैको लागि शनिबारको वचन नै पूरा हप्ताको लागि आत्मिक खुराक बन्छ । तर हप्तामा एकदिन बेस्सरी खाँदैमा हाम्रो शरीर बलियो हुँदैन, त्यसरी नै हप्तामा एकदिन बाइबलका कुरा वा प्रवचन सुन्दैमा हामीलाई पुग्दैन । हामीले प्रत्येक दिन परमेश्वरको वचनबाट खाने र त्यसलाई मनन गरेर पालन गर्ने आत्मिक अभ्यास गर्नुपर्छ ।

हामी सबैले नै हरेक दिन बाइबल कम्तीमा एक अध्याय पढ्ने र त्यसलाई मनन गर्ने बानीको विकास गर्नुपर्छ । परिवारमा सँगै बसेर वा व्यक्तिगत रूपमा बाइबल पढेर केही समय प्रार्थनामा परमेश्वरसित बिताउने गऱ्यौं भने पाप, परीक्षा र अधर्मलाई जितेर हामी परमेश्वरका पुत्रको

| शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| असार २८<br>July 13 | एल्डर<br>सिमोन पाठक | डीकनेस्<br>रश्मिला तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>सीता गुरुङ्ग | एल्डर<br>रूबेन श्रेष्ठ | श्री<br>परशुराम अधिकारी | डीकन<br>पुरुषोत्तम न्यौपाने |
| साउन ४<br>July 20 | एल्डर<br>घनश्याम दाहाल | श्री<br>सरुषमान तामाङ्ग | डीकन<br>सिद्धि खालिङ | एल्डर<br>शारोन रोंगोंग | डीकन<br>सिमोन भण्डारी | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>सिमोन खालिङ |
| साउन ११<br>July 27 | श्री<br>लेखनाथ पौडेल | एल्डर<br>सुरेश पुर्कुटी | एल्डर<br>अर्जुन ढकाल | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | **संयुक्त सेवा ललितपुर चर्चमा** | |
| साउन १८<br>August 3 | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा ज्ञानेश्वर चर्चमा** | | पाष्टर<br>बि. बि. खवास | एल्डर<br>रूबेन श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

रूपसमान बनिँदै जानेछौं। हाम्रा साना बालबालिकाहरूलाई पनि सानैदेखि परमेश्वरको वचन अध्ययन गर्ने र प्रार्थनामा समय बिताउने बानीको विकास गराइदिनु हामी अभिभावकहरूले उनीहरूलाई दिने सर्वोच्च उपहार हो।

हरेक दिन परमेश्वरको वचन खानु र उहाँसँग व्यक्तिगत समय बिताउनु हामी सबैको लागि अत्यन्तै आशिष्मय अवसर हो। करोडौं स्वर्गदूतहरूले सदासर्वदा परमेश्वरलाई महिमा दिइरहेका हुन्छन् र उहाँको उपस्थितिमा रहेका हुन्छन्। जब तपाईं प्रभुको उपस्थितिमा आउनुहुन्छ, येशूको रगतको कारण हामी परमेश्वरको उपस्थितिमा जाँदा कुनै पनि स्वर्गदूतले हामीलाई छेक्ने काम गर्दैन। सर्वशक्तिमान् परमेश्वरको महिमामय उपस्थितिमा हामी जुनसुकै बेला पनि जान सक्छौं। अनुग्रहको सिंहासनअघि जाने साहस हामीलाई येशूको रगतको कारणले हुन सक्छ।

नेइमका सदस्यहरू मण्डलीभित्र र बाहिर आशिषित् बन्नको लागि हामी सबैले बाइबल पढेर परमेश्वरसित समय बिताउने बानीको विकास आजैदेखि गरौं र अरूलाई पनि त्यसै गर्न उत्साह दिऔं।

## जुलाई महिनाको कार्यक्रम

- असार २९ गते/जुलाई १४ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीमा बिहान १०:०० बजे **नेइम परिषद्**को बैठक।
- साउन १ गते/जुलाई १७ तारिख बुधबार बिहान १०:०० बजे **नेइम महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा।
- साउन १२ गते/जुलाई २८ तारिख आइतबार बिहान १०:०० बजे-२:०० बजेसम्म **नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको भेटघाट** नेइम ललितपुर मण्डलीमा।

## मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत)। उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं।

## विशेष् अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि समयमै आउनुहुन अनुरोध गर्दछौं।

२. मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि सेवा अगाडि नै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष् अनुरोध गर्दछौं।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ता बीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं। जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदीबहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून्।

४. दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं। यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, सुसमाचार, सहायता, छात्रवृत्ति, प्रतिष्ठान, धापासी कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं।

## जानकारी

- जेष्ठ ३२ गते/जुन १५ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीमा २ जनाले समर्पण गर्नुभयो।
- असार ७ गते/जुन २२ तारिख शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा ६५ जनाले समर्पण गर्नुभयो।

| शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
| असार २८ July 13 | एल्डर जनक लाल श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्चमा | डीकनेस् बिनिता राई |
| साउन ४ July 20 | श्री कृष्ण नगरकोटी | पाष्टर रोबर्ट कार्थक | श्री अमृत लामा | डीकन राज गुरुङ्ग | डीकन पेशल राई | एल्डर दानियल सापकोटा | एल्डर बि. एन. पण्डित | एल्डर पिटर लिम्बु | एल्डर छोदेन कार्थक |
| साउन ११ July 27 | संयुक्त सेवा ललितपुर चर्चमा | डीकन राज गुरुङ्ग | पाष्टर प्रेम श्रेष्ठ | डीकन सुनिल मुनिकार | एल्डर गोपी राई | श्री अमृत लामा | एल्डर पिटर लिम्बू | श्री शुक्रराज घिमिरे | डीकन डिल्ली राई |
| साउन १८ August 3 | श्री भुवन देवकोटा | एल्डर सागर थापा | एल्डर जमान घ्लान | पाष्टर प्रेम श्रेष्ठ | डीकन पासाङ तामाङ्ग | डीकन राज गुरुङ्ग | पाष्टर कर्ण तामाङ्ग | एल्डर छोदेन कार्थक | संयुक्त सेवा धापासी चर्चमा |

# हार्दिक बधाई

**यस वर्ष एसइइ (SEE) परीक्षामा उत्तीर्ण हुनुभएका सम्पूर्ण विद्यार्थीहरूलाई नेपाली इसाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौं साथै सफल भविष्यको लागि परमेश्वरसँग प्रार्थना गर्दछौं ।**

## विशेष् प्रार्थना

१. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डलीहरू र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइ र शक्तिमा बोझसाथ लागि पर्न सकून् ।

२. अन्धकारका शक्तिका अधार्मिक कामहरू भ्रष्टाचार, लागु पदार्थ दुर्व्यशन, देह व्यापार, अपहरण, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूका विरुद्धमा प्रार्थना गरौं ।

३. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. अन्धकारको शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार, बाल विवाह आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

५. झरी वर्षाको समयमा प्राकृतिक प्रकोप, बाढी पहिरोको कारण आइपर्ने विपत्तिबाटको सुरक्षा साथै मौसम परिवर्तनको कारण देखिने सबै किसिमका रोगबिमारहरूको विरुद्धमा प्रार्थना गरिदिऔं ।

६. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप ख्रीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

७. मण्डलीका विश्वासीहरू प्रार्थना, वचन पढाइ, प्रशंसा, सुसमाचार प्रचारको काममा इमान्दारी हुन सकून् साथै प्रभुको दोस्रो आगमनको तयारीको लागि पनि तयार हुन सकून् ।

८. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुका जनहरूको निम्ति प्रार्थना गरिदिऔं ।

९. रेडियो, टेलिभिजन साथै विभिन्न माध्यमहरूद्वारा प्रसारण भैइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू अनुग्रहको समय छँदै परमेश्वरको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं।

१०. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

११. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै साथै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

१२. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

१३. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैको मुक्तिको सुसन्देशको निम्ति असल साक्षी र गवाही बन्न सकून् भनी प्रार्थना गरिदिऔं ।

१४. नेइमअन्तर्गतका छोरी मण्डलीहरू, शाखा आवद्ध मण्डलीहरू, सानो ठूला संगति झुण्डहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको लागि प्रार्थना गरिदिऔं साथै यी मण्डली तथा संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

१५. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै ख्रीष्ट येशू प्रभुलाई प्रभु र मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २२ 7<br>सबै विश्वासीहरू सबै परिस्थितिमा प्रभुमा स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं।<br>हिब्रू १२:१-३, याकूब १:२-४ | २९ 14<br>सेवा संगतिहरूमा सुनेका, पढेका वचनमा आज्ञाकारी हुन सकौं।<br>१ शमूएल १५:२२-२३ | ५ 21<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गरिरहन सकून्।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ | १२ 28<br>नेइम परिषद्का गुरुजनहरूले परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून्।<br>जकरिया ४:६, प्रेरित २०:२८ |
| **सोमबार**<br>Monday | २३ 8<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं।<br>रोमी १२:२, कलस्सी ३:१० | ३० 15<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ | ६ 22<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना लागि पर्न सकौं।<br>प्रेरित ११:२१-२६, तीतस २:११-१४ | १३ 29<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं।<br>२ कोरिन्थी ९:६-७,११ |
| **मंगलबार**<br>Tuesday | २४ 9<br>प्रभुको खातिर दुःख कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>२ तिमोथी ३:११-१४ | ३१ 16<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून्।<br>हितोपदेश ११:३०, तीतस ३:१-८ | ७ 23<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं।<br>यहोशू १:२-९ | १४ 30<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिष्मय बन्न सकून्।<br>गन्ती ६:२४-२६, रोमी १६:१-४ |
| **बुधबार**<br>Wednesday | २५ 10<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस्।<br>एफिसी ४:११-१६ | १ साउन 17<br>आज हुने महिला उपवास प्रार्थना सभाहरूमा गरिने प्रार्थनाहरूद्वारा मण्डली, देशमा प्रशस्तै आशिष् आउन सकून्।<br>यशैया ५५:६-१३ | ८ 24<br>नेपाल देशमा रहेका साना, ठूला, सम्पूर्ण मण्डलीहरू ख्रीष्टको असल साक्षीको जीवन र प्रभुलाई महिमा दिने जीवन जिउन सकून्।<br>एफिसी ५:१-२ | १५ 31<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकोस्।<br>रोमी १४:१९ |
| **बिहीबार**<br>Thursday | २६ 11<br>मण्डलीका सबै बालबालिकाहरूको लागि आशिष् मागिदिऔं।<br>यशैया ६१:९ | २ 18<br>उपवास प्रार्थनामा चढाइएको प्रार्थनाद्वारा सबै क्षेत्र अझ आशिषित् हुन सकून्।<br>मत्ती ७:७-११ | ९ 25<br>मण्डली साँचो आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून्।<br>यूहन्ना ४:२३-२४, एफिसी ५:२० | १६ August 1<br>सबै ख्रीष्टियन संघ संस्थाहरूको काममा र कर्मचारीहरूको लागि आशिष् मागिदिऔं।<br>प्रेरित २०:२४ |
| **शुक्रबार**<br>Friday | २७ 12<br>सबै अगुवा गुरुजनहरू र उहाँहरूको परिवारको निम्ति परमेश्वरबाटको सुरक्षा मागिदिऔं।<br>भजनसंग्रह १०५:१४-१५, १२५:२ | ३ 19<br>विभिन्न विचार लिएर मण्डलीमा पहिलो पल्ट आउनुहुने प्रत्येक जो-कोही पनि परमेश्वरको वचनद्वारा परिवर्तन हुन सकून्।<br>हिब्रू४:१२-१४, इजकिएल ११:१९-२० | १० 26<br>प्रत्येक शनिबार मण्डलीमा पहिलो पल्ट आउनुहुने सबैले ख्रीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सित्तैको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून्।<br>यूहन्ना ३:१६ | १७ 2<br>आराधना सेवामा सबैजना आराधना गर्न वचन सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून्।<br>यूहन्ना ४:२३-२४ |
| **शनिबार**<br>Saturday | २८ 13<br>आजको आराधना सेवाबाट परमेश्वरलाई नै महिमा भएको होस्। यसैले वचन प्रचार, स्तुति प्रशंसामा पवित्र आत्माको अभिषेक मागिदिऔं।<br>२ कोरिन्थी ३:४-६ | ४ 20<br>आजको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून्।<br>प्रेरित २:४२-४७ | ११ 27<br>आजको आराधना सेवामा सेवा संचालन, वचन प्रचार, स्तुति प्रशंसा अगुवाई गर्ने सबै जनाको लागि पवित्र आत्माको अभिषेक मागिदिऔं।<br>२ कोरिन्थी २:१४-१७ | १८ 3<br>आज नेपालभरि हुने सेवा संगतिमा पवित्र आत्माको उपस्थिति हरेकले थाहा गर्न सकून् र उहाँको नाउँ महिमित भएको होस्।<br>हितोपदेश ८:३४-३५ |

**जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ। सदासर्वदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हुनुहुन्छ ।**

**यशैया २६:३-४**